बर्लिङ्गटन इलेक्ट्रिक डिपार्टमेण्टमा हामी हाम्रा प्रत्येक ग्राहकलाई महत्त्व दिन्छौं। हामी बुझ्दछौं, कहिलेकाहिं हाम्रा ग्राहकलाई आफ्नो बिलको भुक्तानी गर्न अप्ठ्यारो पर्छ। हाम्रो बिलिङ्ग र विच्छेद प्रक्रियाबारे जान्नमा यहाँहरूलाई सघाउन हामीले प्राय:जसो सोधिने प्रश्नहरूको यो सूची तयार पारेका छौँ।

**बिजुलीको बिल के हो ?**

तपाईंको घरमा प्रत्येक ३० दिनमा प्रयोग गरेको बिजुलीको मात्राका लागि भुक्तानीको अनुरोध नै बिजुलीको बिल हो।

**हाम्रो बिलिङ्ग भुक्तानीको चक्र के हो?**

बर्लिङ्गटन इलेक्ट्रिकले ३० दिन (१ महिना) को सेवाबापत भुक्तानीको अनुरोध गर्दै महिनाको अन्त्यमा एउटा बिल पठाउँछ। तपाईंले बिल प्राप्त गरेपछि नै बिल भुक्तानी गर्नुपर्ने हुन्छ। बिलको “तिर्न बाँकी कूल रकम” खण्डमा रकम लेखिएको हुन्छ।

**म मेरो बिलको भुक्तानी कसरी गर्न सक्छु ?**

हामी नगद, चेक, मनी अर्डर, क्रेडिट कार्ड वा डेबिट कार्डबाट भुक्तानी स्वीकार गर्छौं।

तपाईंको बिल भुक्तानीका लागि बर्लिङ्गटन इलेक्ट्रिकसँग थुप्रै विकल्प छन्। तपाईं आफ्नो बिलको भुक्तानी ५८५ पाइन स्ट्रिट, बर्लिङ्गटनमा अवस्थित हाम्रो कार्यालयमा आफैं आएर गर्न सक्नुहुनेछ । तपाईंको सुविधाका लागि हामीसँग ड्राइभ अप विण्डो (कारबाट नै तिर्न मिल्ने) पनि छ, जसले तपाईंलाई आफ्नो कार नछोडी भुक्तानी गर्न सक्नुहुन्छ।

तपाईंको बिलसँग आउने फिर्ता पठाउने खाम (रिटर्न एन्भेलप)को प्रयोग गरेर तपाईंले आफ्नो भुक्तानी (चेक वा मनी अर्डर) हुलाकमा राख्न सक्नुहुनेछ।

हाम्रा कार्यालयहरू बन्द भए पनि तपाईंले चाहेमा आफ्नो भुक्तानी हाम्रा ड्रपबक्सहरूमध्ये एकमा राख्न सक्नुहुनेछ। कृपया हाम्रा ड्रपबक्समा नगद नराख्नुहोला।

तपाईंले निम्न ठाउँहरूमा पनि ड्रपबक्सको प्रयोग गर्न सक्नुहुनेछ।

सिटी हल (चर्च स्ट्रिटको प्रवेशद्वारमा)

बर्लिङ्गटन इलेक्ट्रिक डिपार्टमेण्ट (ड्राइभ अप विण्डोको छेउमा हाम्रो ड्रपबक्स राखिएको छ)

टीडी ब्याङ्क नर्थ, १११ मेन स्ट्रिट, बर्लिङ्गटनमा अवस्थित।

ह्यान्नाफोर्ड्स सुपरमार्केट्स (नर्थ एभेन्यू, बर्लिङ्गटन र डोर्सेट स्ट्रिट, साउथ बर्लिङ्गटनमा)

तपाईंले हाम्रो वेबसाइटमा गएर अनलाइन पनि आफ्नो बिल भुक्तानी गर्न सक्नुहुनेछ।

**Burlington Electric Department**
585 Pine Street Burlington, VT 05401
burlingtonelectric.com

Phone 802.658.0300

**विच्छेद सूचना के हो?**

३० दिनपछि, तपाईंको खातामा तिर्नुपर्ने बक्यौता रकम बढ्ने छ र तपाईंले एउटा रातो विच्छेद सूचना पाउन सक्नुहुनेछ, जसले यदितपाईंले आफ्नो बिलको भुक्तानी गर्नुभएन वा भुक्तानीको व्यवस्था मिलाउनु भएन भने एउटा निश्चित दिन वा त्यस पछि तपाईंको सेवा बन्द गरिने सङ्केत गर्नेछ।

**विच्छेद सूचना पाएपछि तपाईंले के गर्ने ?**

यदि तपाईंले विच्छेद सूचना प्राप्त गर्नुभयो र भुक्तानी गर्न सक्नुभएन भने कृपया नआत्तिनुहोस्। यदि तपाईंले हाम्रो ग्राहक सेवा विभागलाई ८६५-७३०० मा कल गर्नुभयो भने हामी तपाईंलाई मद्दत गर्न सक्नेछौं । हामी तपाईंलाई सेवामा अवरोध आउनबाट जोगिनमा सहायता गर्न चाहन्छौं।

**आफ्नो बिल भुक्तानी गर्न नसक्दा के गर्नुपर्छ?**

यदि तपाईंले आफ्नो बिल भुक्तानी गर्नसक्नुहुन्न भने हाम्रो ग्राहक सेवा विभागलाई ८६५-७३०० मा कल गर्नुहोस्।

हाम्रा ग्राहक सेवा प्रतिनिधिले तपाईंलाई आफ्नो सेवा जारी राख्नका लागि एउटा भुक्तानी व्यवस्था मिलाउनमा मद्दत गर्नेछन्।

हाम्रा ग्राहक सेवा प्रतिनिधिले भविष्यका बिलहरूका लागि पनि एउटा बजेट भुक्तानी योजना तयार पारिदिन मद्दत गर्न सक्नेछन्। बजेट भुक्तानी योजनामा ग्राहकले १२ महिनाको अवधिमा प्रत्येक महिनामा एउटै राशि भुक्तानी गर्न पाउनेछन्। यस योजनाले हाम्रा ग्राहकहरूलाई विच्छेद सूचना प्राप्त गर्नबाट पनि जोगाउँछ किनकि प्रत्येक महिनाको बिल राशि एउटै हुनेछ।

**जाडो महिनामा हिटिङ्ग बिल तिर्न नसक्दा के हुन्छ?**

जाडोका चिसा महिनाहरूमा तपाईंलाई हिटिङ्ग वा बिजुली बिलको भुक्तानीमा सहयोग चाहिएमा, तपाईंले इन्धन सहयोग राशिको लागि आवेदन गर्न सक्नुहुन्छ। सहायता प्राप्त गर्न, तपाईंले एउटा आवेदन फारम भरेर अनुमोदन लिनुपर्छ।

आवेदन प्राप्त गर्न कृपया निम्न नम्बरमा कल गर्नुहोस् :

डिपार्टमेण्ट अफ सोसल वेलफेयर होम इनर्जी एसिस्न्स प्रोग्राम : (८००)४७९-६१५१

एज वेल(६० वर्ष उमेर पुगेका ग्राहकहरूलाई सहयोग गर्ने कार्यक्रम): (८०२)८६५-०३६०

च्याम्प्लेन भ्याली एरिया एजेन्सी अन एजिङ्ग : WARMTH कार्यक्रम(८०२)८६३-६२४८

**ग्राहक सेवामा कहिले कल गर्ने?**

तपाईंको बिल सम्बन्धी प्रश्न छन् भने, कृपया हाम्रा ग्राहक सेवा प्रतिनिधिलाई (८०२)८६५-७३०० मा कल गर्नुहोस्। बिलिङ् सम्बन्धी कुनै पनि प्रश्नमा तपाईंको सहायता पाउँदा हामी खुसी हुनेछौं।